1st June , 2026 Monday

यो आकाशवाणी हो।

समाचार मेनुका राईबाट सुन्नुहोस्।

प्रमुख समाचारहरुबाट

- *प्रधानमन्त्री मोदी र म्यान्मारका राष्ट्रपतिबीच द्विपक्षीय वार्ता*
- *सम्पन्न*
- २. भारत–ओमान सीईपीए आजदेखि लागू, आर्थिक तथा रणनीतिक सम्बन्ध थप सुदृढ हुने अपेक्षा
- पश्चिम बंगाल मन्त्रिपरिषद् विस्तार ,लोक भवनमा आयोजन भयो शपथ ग्रहण समारोह
- ४.देशभरि पेट्रोलियम पदार्थको पर्याप्त भण्डार रहेको संयुक्त सचिव सुजाता शर्माले दिईन् जानकारी

*१. प्रधानमन्त्री मोदी र म्यान्मारका राष्ट्रपति*

प्रधानमन्त्री नरेन्द्र मोदी र म्यान्मारका राष्ट्रपति ऊ मिन आङ लाइङबीच आज नयाँ दिल्लीमा द्विपक्षीय बैठक सम्पन्न भएको छ। दुवै नेताबीच ऐतिहासिक तथा सभ्यतागत सम्बन्धलाई अझ सुदृढ बनाउने विषयमा विस्तृत छलफल भएको थियो। वार्ताका क्रममा सुरक्षा, सम्पर्क सञ्जाल तथा द्विपक्षीय सम्बन्धका अन्य सबै पक्षबारे विचार-विमर्श गरिएको थियो। दुवै पक्षले भारत–म्यान्मार सम्बन्धलाई अझ सशक्त बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्। राष्ट्रपति ऊ मिन आङ लाइङले राष्ट्रिय राजधानीस्थित राय पिथोरा सांस्कृतिक परिसरमा आयोजना गरिएको 'प्रकाश र कमल : जागृत व्यक्तिका अवशेष' प्रदर्शनीको अवलोकन गर्नुहुनेछ साथै राष्ट्रपति ऊ मिन आङ लाइङले व्यापार तथा उद्योग क्षेत्रका प्रतिनिधिहरूसँग अन्तरक्रिया गर्न भोलि मुम्बईको भ्रमण पनि गर्नुहुनेछ ।

*२. भारत–ओमान सीईपीए*

भारत–ओमान व्यापक आर्थिक साझेदारी सम्झौता (सीईपीए) आजदेखि लागू भएको छ। वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले यस सम्झौताले दुवै देशबीचको आर्थिक तथा रणनीतिक सम्बन्धलाई अझ सुदृढ बनाउने बताउनु भएको छ ।
उहाँ अनुसार, सीईपीए अन्तर्गत भारतीय निर्यातकर्ताहरूले ओमानका ९८ प्रतिशत उत्पादन समूहमा शुल्कमुक्त बजार पहुँच प्राप्त गर्नेछन्। यसबाट भारतीय वस्तु तथा सेवाको प्रतिस्पर्धात्मक क्षमता थप बलियो हुने अपेक्षा गरिएको छ।

मन्त्री गोयलले सम्झौताबाट रोजगारीका अवसरहरू विस्तार हुने तथा विद्यार्थी, श्रमिक, महिला, किसान, माछापालक तथा सूक्ष्म, साना र मझौला उद्यम (एमएसएमई) क्षेत्रले उल्लेखनीय लाभ प्राप्त गर्ने बताउनु भएको छ । प्रधानमन्त्री श्री नरेन्द्र मोदीले केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलद्वारा भारत–ओमान व्यापक आर्थिक साझेदारी सम्झौता (CEPA) सम्बन्धमा लेखिएको एक लेख साझा गर्नु हुँदै उक्त लेखले भारत–ओमान सीईपीएले भारतीय निर्यातकर्ताहरूलाई नयाँ बजारमा पहुँच विस्तार गर्न, रोजगारी सिर्जना बढाउन, किसानहरूको हित संरक्षण गर्न तथा दुवै देशबीच

साझा समृद्धिलाई प्रवर्द्धन गर्न अवसर प्रदान गर्ने विषयलाई उजागर गरेको बताउनु भएको छ ।

*3. पश्चिम बंगाल मन्त्रिपरिषद्*

पश्चिम बंगाल मन्त्रिपरिषद्को आज विस्तार गरिएको छ। कोलकातास्थित लोक भवनमा आयोजित शपथग्रहण समारोहमा ३५ जना नयाँ मन्त्रीहरूलाई मन्त्रिपरिषदमा समावेश गरिएको हो। राज्यपाल आर. एन. रविले नयाँ मन्त्रीहरूलाई पद तथा गोपनीयताको शपथ गराएका थिए। यससँगै मुख्यमन्त्री सुवेन्दु अधिकारीको नेतृत्वमा मन्त्रिपरिषद्को कुल सदस्य संख्या ४१ पुगेको छ। आजको विस्तारमा १३ जना क्याबिनेट मन्त्रीलाई पनि समावेश गरिएको छ। नयाँ सरकार गठनपछि राज्य सरकारको प्रशासनिक संरचनालाई थप सुदृढ बनाउने महत्त्वपूर्ण कदमका रूपमा यस मन्त्रिपरिषद् विस्तारलाई हेरिएको छ। नयाँ मन्त्रीहरू राज्यका विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्नेअनुभवी विधायकदेखि तृणमूल कांग्रेस (टीएमसी) ले पार्टीविरुद्ध गतिविधि गरेको, महत्वपूर्ण बैठकहरूमा अनुपस्थित रहेको तथा पार्टी नेतृत्वको आलोचना गर्ने सार्वजनिक अभिव्यक्ति दिएको आरोपमा दुई विधायक सन्दीपन साहा र ऋतब्रत बनर्जीलाई पार्टीबाट निष्कासित गरेको छ।

*4. भारत–अष्ट्रेलिया रक्षा मन्त्री*

भारत र अष्ट्रेलियाका रक्षा मन्त्रीहरूबीच दोस्रो रक्षा मन्त्रीस्तरीय संवाद आज नयाँ दिल्लीमा सम्पन्न भएको छ। भारतका रक्षा मन्त्री श्री राजनाथ सिंह र अष्ट्रेलियाका उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री रिचर्ड मार्ल्सले बैठकको संयुक्त अध्यक्षता गर्नु भएको थियो।
सामाजिक सञ्जालमा गरिएको पोस्टमा रक्षा मन्त्री सिंहले द्विपक्षीय रक्षा सहयोगका सबै पक्षहरूको समीक्षा गरिएको र यसलाई अझ सुदृढ बनाउने उपायहरूबारे छलफल भएको जानकारी दिनु भएको छ। उहाँले भारत–अष्ट्रेलिया रक्षा साझेदारी आगामी वर्षहरूमा निरन्तर प्रगति गर्न तयार रहेको बताउनु भयो। आफ्नो प्रारम्भिक सम्बोधनमा मन्त्री सिंहले भारत र अष्ट्रेलियाबीचको रक्षा सम्बन्ध हालका वर्षहरूमा उल्लेखनीय रूपमा सुदृढ भएको बताउनु भएको छ। अष्ट्रेलियाका रक्षा मन्त्री रिचर्ड मार्ल्सले दुवै देशले आफ्नो रक्षा साझेदारीलाई थप बलियो बनाएको उल्लेख गर्नु हुँदै समुद्री क्षेत्रमा संयुक्त रूपमा काम गरिरहेको बताउनु भयो। मार्ल्सको यस भ्रमणले भारत–अष्ट्रेलिया व्यापक रणनीतिक साझेदारीमा भइरहेको प्रगतिलाई प्रतिबिम्बित गरेको छ। स्वतन्त्र, खुला, समावेशी तथा समृद्ध हिन्द–प्रशान्त क्षेत्रको भारतको दृष्टिकोणमा अष्ट्रेलिया एक महत्वपूर्ण साझेदार हो। यो भ्रमणले दुवै देशबीचको रक्षा साझेदारीको परिपक्वता र गहिरिँदो सहयोगलाई पनि उजागर गरेको छ।

५ . *'खेत बचाओ अभियान'*

भारतका कृषि मन्त्री श्री शिवराज सिंह चौहानले आज मध्य प्रदेशको रायसेन जिल्लास्थित रामसिया गाउँबाट राष्ट्रव्यापी 'खेत बचाओ अभियान' को शुभारम्भ गर्नु भएको छ। एक महिनासम्म सञ्चालन हुने यस अभियानको उद्देश्य कृषियोग्य जमिनको संरक्षण गर्नु तथा किसानहरूलाई वैज्ञानिक खेतीतर्फ प्रोत्साहित गर्नु हो। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री चौहानले 'खेत बचाओ अभियान' माटो तथा खेतीयोग्य भूमिको संरक्षणका लागि सञ्चालन गरिएको बताउनु भयो। अभियानअन्तर्गत किसानहरूलाई माटो परीक्षण, माटो स्वास्थ्य कार्ड, प्राकृतिक खेती, मलको सन्तुलित प्रयोग तथा जल संरक्षण प्रविधिबारे जानकारी प्रदान गरिनेछ। साथै, नक्कली मल, बीउ तथा विषादी पहिचान गर्ने तरिकाबारे पनि प्रशिक्षण दिइनेछ।

६. *संयुक्त सचिव सुजाता शर्मा-पेट्रोलियम*

सरकारले देशभरि पेट्रोल र डिजेलको पर्याप्त भण्डार रहेको जनाएको छ। पश्चिम एसियामा हालै विकसित घटनाक्रमबारे नयाँ दिल्लीमा आयोजित अन्तर–मन्त्रालयको ब्रीफिङलाई सम्बोधन गर्नु हुँदै पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव सुजाता

शर्माले सबै तेल विपणन कम्पनीहरूले पेट्रोल र डिजेलको सहज आपूर्ति सुनिश्चित गर्न देशभरका खुद्रा बिक्री केन्द्रहरूमा नियमित रूपमा आपूर्ति गरिरहेको जानकारी दिइन्। एलपीजी आपूर्तिबारे जानकारी दिनु हुँदै उहाँले पछिल्ला तीन दिनमा एक करोड २१ लाखभन्दा बढी बुकिङ प्राप्त भएको र एक करोड २२ लाखभन्दा बढी सिलिन्डर वितरण गरिएको बताइन्।

सचिव सुजाता शर्माले राज्यहरू र केन्द्रशासित प्रदेशहरूलाई एलपीजी, पेट्रोल तथा डिजेलको बिक्री र वितरणमा हुने जमाखोरी र कालोबजारीविरुद्ध सतर्कता बढाउन आग्रह गरिएको जानकारी दिइन्। यस अवधिमा देशभरिका एक हजार तीन सय स्थानमा अनुगमन तथा छापा मारिएको छ भने सात जनालाई पक्राउ गरिएको
पनि उहाँलो जानकारी दिनु भयो।

७. *नी□यूजी पुनर्परीक्षा*

भारतको सर्वोच्च न्यायालयले नीट-यूजी २०२६ को पुनर्परीक्षा हालको कलम–कागज (पेन एन्ड पेपर) प्रणालीको सट्टा कम्प्युटर आधारित माध्यमबाट सञ्चालन गर्न माग गरिएको याचिका खारेज गरेको छ। न्यायाधीश पी. एस. नरसिम्हा र अरविन्द कुमारको संयुक्त न्यायपीठले परीक्षा रद्द भएपछि राष्ट्रिय परीक्षा एजेन्सी (एनटीए) पहिले नै विभिन्न चुनौतीहरूको सामना गरिरहेको अवस्थामा कम्प्युटर आधारित पुनर्परीक्षा सञ्चालन गर्ने प्रश्न नै नउठ्ने टिप्पणी गरेको छ। न्यायालयले यस मुद्दाको अर्को सुनुवाइ आगामी जुलाई २७ का लागि तय गरेको छ।

८. *प्रधानमंत्री-अंडर-20 एथलेटि□क्स*

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले एसियाली अन्डर–२० एथलेटिक्स च्याम्पियनसिपमा उत्कृष्ट प्रदर्शन गर्ने भारतीय टोलीलाई बधाई दिनु भएको छ। श्री मोदीले २२ औँ एसियाली अन्डर–२० एथलेटिक्स च्याम्पियनसिपमा १० स्वर्णसहित कुल १९ पदक जित्न सफल भारतीय टोलीलाई बधाई दिनु भएको छ। सामाजिक सञ्जालमा एक पोस्टमार्फत प्रधानमन्त्री श्री मोदीले भारतीय युवा खेलाडीहरूको यो उत्कृष्ट प्रदर्शनले उनीहरूको दृढ संकल्प, समर्पण र उत्कृष्टताको भावना प्रतिबिम्बित गरेको बताउनु भएको छ। उहाँले टोलीको उल्लेखनीय उपलब्धिको प्रशंसा गर्नु हुँदै यस्ता सफलताहरूले आगामी वर्षहरूमा अझ धेरै भारतीय युवाहरूलाई खेलकुद क्षेत्रमा करियर बनाउन प्रेरित गर्ने विश्वास व्यक्त गर्नु भएको छ।

९. तथ्य जाँच: एलपीजी डिलरशिप

सरकारले एलपीजी डिलरशिप तथा वितरक नियुक्ति प्रदान गर्ने दाबी गर्दै नागरिकहरूबीच फैलिएको नक्कली इमेलको खण्डन गरेको छ। प्रेस सूचना ब्यूरोको तथ्य जाँच इकाइले info@lpg vitarak chayaan .in ठेगानाबाट पठाइएका इमेलहरू नक्कली भएको र तिनको आधिकारिक एलपीजी वितरक छनोट प्रक्रियासँग कुनै सम्बन्ध नभएको जनाएको छ। PIB को तथ्य जाँच इकाइले एलपीजी वितरक छनोटसम्बन्धी प्रामाणिक जानकारी केवल आधिकारिक LPG Vitarak Chayan पोर्टलमार्फत मात्र उपलब्ध हुने स्पष्ट पारेको छ। नागरिकहरूलाई यस्ता ठगीपूर्ण सन्देशहरूमा आफ्नो व्यक्तिगत जानकारी साझा नगर्न, कुनै पनि भुक्तानी नगर्न तथा त्यस्ता सन्देशमा समावेश लिङ्कहरूमा क्लिक नगर्न आग्रह गरिएको छ।

प्रमुख समाचार पुनः एक पटकः

- *प्रधानमन्त्री मोदी र म्यान्मारका राष्ट्रपतिबीच द्विपक्षीय वार्ता*

- *सम्पन्न*
- २. भारत–ओमान सीईपीए आजदेखि लागू, आर्थिक तथा रणनीतिक सम्बन्ध थप सुदृढ हुने अपेक्षा
- पश्चिम बंगाल मन्त्रिपरिषद् विस्तार ,लोक भवनमा आयोजन भयो शपथ ग्रहण समारोह
- ४.देशभरि पेट्रोलियम पदार्थको पर्याप्त भण्डार रहेको संयुक्त सचिव सुजाता शर्माले दिईन् जानकारी